# राष्ट्रिय न्यायिक प्रतिष्ठान

रामशाहपथ, हरिहरभवन, ललितपुर

**पदपूर्ति समिति**

**शाखा अधिकृत, लेखा अधिकृत र अनुसन्धान अधिकृत, अधिकृतस्तर तृतीय श्रेणी सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

सूचना नं. १ ।०६६-०६७

प्रतिष्ठान पदपूर्ति समितिको निर्णयानुसार निम्न सेवा समूह उपसमूहका देहायका पदहरू खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्तिको लागि योग्यता पुगेका उम्मेद्वारहरूबाट प्रतिष्ठानबाट उपलब्ध हुने फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | माग संख्या | परीक्षा कार्यक्रम समय : १.०० बजे | |
|---|---|---|---|---|---|
| | | | | प्रथमपत्र | द्वितीयपत्र |
| १. | १ /०६६/०६७ | शाखा अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान सेवा, प्रशासन समूह, प्रशासन उपसमूह | १(एक) | २०६७।०१।१९ | २०६७।०१।२० |
| २. | २/०६६/०६७ | लेखा अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान सेवा, प्रशासन समूह, लेखा उपसमूह | १(एक) | २०६७।०१।१९ | २०६७।०१।२० |
| ३. | ३/०६६/०६७ | अनुसन्धान अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान सेवा, प्रशिक्षण तथा अनुसन्धान समूह | २(दुई) | २०६७।०१।१९ | २०६७।०१।२१ |

**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता

**परीक्षा केन्द्र** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं

**परीक्षा दस्तुर** : रू. ५००।-, एक भन्दा बढी उपसमूहमा दरखास्त बुझाउँदा थप उपसमुहको लागि २० प्रतिशत (रू. १००।-) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने स्थान** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुर ।

**दरखास्त दिने अन्तिम मिति** : बिज्ञापन प्रकाशन भएको मितिले तीस दिन र दोब्बर दस्तुर तिरी सात दिन थप हुने ।

**लिखित परीक्षा र अन्तर्वार्ता हुने मिति** : प्रथम पत्रको मिति २०६७।१।१९ गते दिनको १.०० बजेबाट र द्वितीय पत्रको मिति २०६७।१।२० र २०६७।१।२१ गते दिनको १.०० बजेबाट लिखित परीक्षा सन्चालन हुने र लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा अन्तर्वार्ताको सूचना गरिनेछ ।

**लिखित परीक्षा हुने स्थान**ः राष्ट्रिय न्यायिक प्रतिष्ठानको प्रशिक्षण कक्ष ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : प्रतिष्ठानको सेवा समूह, उपसमूह सम्बन्धी ।

**तलब, भत्ता** : नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक) को पदको लागि निर्धारित गरिए सरह प्रतिष्ठानको नियमानुसार ।

**काम गर्नुपर्ने स्थान** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुर र प्रतिष्ठानले खटाएको स्थानमा ।

**आवश्यक न्यूनतम् योग्यता**

**(१) शैक्षिक योग्यता**

(क) शाखा अधिकृतको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर उतीर्ण ।

(ख) लेखा अधिकृतको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणीज्य शास्त्र वा लेखामध्ये कुनै एक मूल विषय लिई स्नातकोत्तर उतीर्ण ।

(ग) अनुसन्धान अधिकृतको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर उतीर्ण ।

**(२) अनुभव** : उक्त तीनै पदको लागि कम्प्युटर सम्बन्धी ज्ञान र अंग्रेजी भाषाको लेखाई र बोलाईको राम्रो ज्ञान भएको आवश्यक हुनेछ ।

***दृष्टव्य :***

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरू : लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं प्रतिष्ठानमा दरखास्त तथा परीक्षा दस्तूर बुझाएको प्रतिष्ठानको लेखा शाखाबाट प्राप्त नगदी रसिद पेश गर्नुपर्ने छ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्नेछ ।

(ख) दरखास्त दिने अन्तिम मितिसम्म प्रतिष्ठानको ऐन नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) दोब्बर दस्तूरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) प्रतिष्ठानको कर्मचारी नियुक्ति, सेवाको शर्त तथा सुविधा सम्बन्धी नियमहरूको नियम १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) प्रतिष्ठानबाट तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तूर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) लिखित परीक्षामा उतीर्ण हुने उम्मेदवारहरूले अन्तर्वार्ता दिनुभन्दा अगावै शैक्षिक योग्यताको स्थायी/अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्यरूपले खुलाउनुपर्नेछ, अन्यथा परीक्षामा समावेश गराइने छैन ।

(ज) यसमा उल्लेख नभएका अन्य कुराका हकमा प्रतिष्ठानको नियमानुसार हुनेछ ।

(झ) बिज्ञापित पदहरुको लागि स्वीकृत पाठ्यक्रम प्रतिष्ठान तथा प्रतिष्ठानको website: www.njanepal.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रथमपटक प्रकाशित मिति २०६६।११।२५.**

सदस्य सचिव

पदपूर्ति समिति